आज मिति २०८१-०७-०४ गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवरको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | | |
| ३ | हुम बहादुर थापा | नि.प्र.प्र.अ. | मदाने गा.पा. ६ | ९८४४७५२३५६ | | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४४७८६७७ | | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४१३६२५१५ | | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | | |
| १५ | जिव बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत छैठौं | प्रशासन शाखा | ९८४०७१४६५७ | | |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | अनिता मगराई | डी. नि. | मडान. गा.पा. | – | आम | |
| १९ | | | | | | |
| २० | | | | | | |
| २१ | | | | | | |
| २२ | | | | | | |
| २३ | | | | | | |
| २४ | | | | | | |
| २५ | | | | | | |
| २६ | | | | | | |
| २७ | | | | | | |
| २८ | | | | | | |
| २९ | | | | | | |
| ३० | | | | | | |
| ३१ | | | | | | |
| ३२ | | | | | | |
| ३३ | | | | | | |
| ३४ | | | | | | |
| ३५ | | | | | | |
| | | | | | | |
| | | | | | | |

Scanned with CamScanner

## कार्यपालिका बैठक संख्या:- ०४

## मिति २०८१/०७/०४ गतेको बैठक

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्बन्धमा।
२. कृषि तथा पशुपन्छी कार्यविधि सम्बन्धमा ।
३. नया मौरी पकेट क्षेत्र र मौरी प्रर्वद्धन कार्यक्रम सम्बन्धमा ।
४. कोदो खेती प्रवर्द्धन सम्बन्धमा ।
५. बगरखेति कार्यक्रम सम्बन्धमा ।
६. कृषक भ्रमण कार्यक्रम सम्बन्धमा ।
७. माटो परिक्षण शिविर संचालन सम्बन्धमा ।
८. अग्लुङ्ग मा वि को भवन भत्काउने सम्बन्धमा ।
९. स्यालपोखरी मा वि को भवन भत्काउने सम्बन्धमा ।
१०. जेष्ठ नागरिक सम्मान सम्बन्धमा ।
११. विविध।

Scanned with CamScanner

निर्णयहरुः-

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०६/०६ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु UWS को फेलो शिक्षकको सम्बन्धमा, म्यालपोखरी स्वास्थ्यचौकीमा एम्बुलेन्स खरिद सम्बन्धमा, कर्मचारी व्यवस्थापन तथा माग सम्बन्धमा, योजना समिति गठन तथा योजना सम्झौता गर्ने सम्बन्धमा, भारतिय राजदुतावासमा संग्राहालयका लागि योजना माग गर्ने र सोका लागि डिपिआर तथा माटो परिक्ष गर्ने सम्बन्धमा, आर्थिक सहायता सम्बन्धमा निर्णयहरुको समिक्षा गरियो ।

२. यस मदाने गाउँपालिकामा आ.व. २०८१/०८२ को वार्षिक स्विकृत कार्यक्रमहरुको कार्यान्वयनको लागि तपसिलको कृषि तथा पशुपन्छी कार्यविधि सम्बन्धी कार्यविधि परित गर्ने निर्णय सर्व-सम्मत गरियो ।

# मदाने गाँउपालिका कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्याविधि, २०८१

## कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०७/०४

**प्रस्तावना**

परम्परागत एकल र वस्तुगत कृषि तथा पशुपालन व्यावसायलाई आधुनिक र उन्नत प्रविधिको विकास गर्दै जग्गाको चक्लावन्दी गरी वेरोजगार युवा तथा सक्रिय कृषकहरुको सक्रियतामा कृषक, कृषक समूह/सहकारी , कृषि/ पशुपालन फर्म मार्फत कृषि तथा पशुपालन व्यावसाय गरी दुध, मासु र अण्डामा आत्मनिर्भर बन्नुका साथै उत्पादनमा बृद्धि गरी आर्थिक विकासमा टेवा पुर्याउन मदाने गाँउपालिका र कृषकहरुको लागत साझेदारीमा मदाने गाँउपालिकामा उत्पादन हुने पशुजन्य उपजलाई विशिष्टिकृत गर्दै सहज र सरल बजारको व्यावस्थापन गरी कृषकबाट उत्पादित वस्तुहरुको सहज बजारीकरण गरी कृषकको मनोवल उच्च राख्दै समुन्नत मदने सम्मानित मदानेवासी बनाउने उद्देयले गाँउ सभाबाट विनियोजित बजेटको कार्यान्वयनको लागि कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि,२०८१ बनाउन आवश्यक भएकोले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम मदाने गाँउपालिका पशु विकास कार्यक्रम संचालन कार्याविधि, २०८१ रहेको छ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२ परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

- गाँउसभा भन्नाले मदाने गाँउपालिकाको गाँउसभालाई सम्झनु पर्दछ ।
- कार्यपालिका भन्नाले मदाने गाँउउपालिकाको गाँउकार्यपालिका सम्झनुपर्दछ
- अध्यक्ष भन्नाले मदाने गाँउपालिकाको अध्यध सम्झनु पर्दछ ।
- उपाध्यक्ष भन्नाले मदाने गाँउपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

Scanned with CamScanner

- प्रमुख प्रशासकीय अधिकृत भन्नाले मदाने गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।
- वडा अध्यक्ष भन्नाले मदाने गाँउपालिका अन्तर्गतका वडा अध्यक्षहरु सम्झनु पर्दछ ।
- प्रस्ताब भन्नाले गाँउपालिकाले तयार पारेको अनुसुची ३ बमोजिको व्यावसायिक कार्ययोजना सम्झनु पर्दछ ।
- आर्थिक प्रशासन शाखा प्रमुख भन्नाले मदाने गाँउपालिकाको आर्थिक प्रशासन हर्ने प्रमुख सम्झनुपर्दछ।
- कृषि शाखा प्रमुख भन्नाले मदाने गाँउपालिकाको कृषि शाखा प्रमुखलाई सम्झनुपर्दछ ।
- पशु सेवा शाखा भन्नाले मदने गाँउपालिका पशु सेवा शाखा प्रमुख सम्झनु पर्दछ ।
- प्राविधिक फाँट प्रमुख भन्नाले मदाने गाँउपालिकाको प्राविधिक फाँट प्रमुखलाई सम्झनु पर्दछ ।
- मुल्याङका तथा छनौट समिति भन्नाले दफा  बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।
- लाभग्राही भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न कृषक, कृषक समुह/सहकारी/व्यावसायिक कृषि /पशुपन्छी फर्म सम्झनु पर्दछ ।

३ उद्देश्य

- गाँउपालिका भित्र कृषि, पशुपन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।
- दुध, अण्डा र मासु तथा कृषिजन्य पदार्थ मा आत्मनिर्भर बनाउने ।
- बेरोजगार तथा निर्वाहमुखी कृषि तथा पशुपन्छी पालनमा लागेका कृषकहरुलाई व्यावसायिकता तर्फ आकर्षण गर्दै आर्थिक विकास गर्ने ।
- रोजगारीको सृजना गरी कृषि तथा पशुपालन व्यावसायको व्यावसायिकता मार्फत गरिबी निवारण गर्ने।
- गाँउको कृषि उपज निर्यातको लागि व्यावसायिक कृषकहरुलाई कृषि पेशामा लाग्न प्रेरित गर्न ।
- कृषकहरुलाई व्यावसायिक कृषि पेशा प्रति विश्वसनियता बढाउने ।
- गाँउभित्रका कृषकहरुलाई आवश्यक प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराउने ।

४ सरोकारवाला निकायहरुको भुमिका:

कार्यक्रम संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भुमिका रहनेछ ।

४.१ कार्याक्रमको भुमिका

- स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी मापण्ड/सुचकहरुको आधारमा प्रस्तावहरुको मुल्याङकन तथा छनौट गर्ने ।
- यस कार्यविधि अनुसारका कार्यक्रमहरुको संचालन गर्दा कृषि/पशु प्राविधिकहरुको समन्वयमा गर्ने
- कार्यक्रम कार्यान्वयनको अबस्थाको अनुगमन अनुगमन पश्चात् कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने।
- सम्झैता बमोजिम कार्यक्रम संचालन भए/नभएको अनुगमन गर्ने/गराउने ।
- प्रचलित कानुन बमोजिम खर्च गर्ने/गराउने,लेखा राख्ने र राख्न लगाउने ।
- प्रचलित कानुन बमोजिम पालना गर्नुपर्ने अन्य नियमहरु पालना गर्ने गराउने ।
- कार्यक्रममा दोहोरोपना आउन नदिन र उपलब्ध अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने ।

४.२ लाभग्राहीको भुमिका

- लाभग्राहिले कार्ययोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानुन बमोजिम भुक्तानीको लागि आवश्यक

Scanned with CamScanner

कागजात सहितको निवेदन समय सिमा भित्र पेश गर्ने ।

- जुन कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रममा मात्र अनुदान प्रयोग गर्ने ।
- सम्झौतामा उल्लेखित भए बमोजिम कार्य सम्पन्न प्रतिवेदन समावेश गर्ने ।
- लाभग्रीका अन्य अधिकार कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुने ।
- तोकिएको समयमा कार्य सम्पन्न नभएमा लागत बृद्धि भएमा वा कुनै हानी नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी  सम्मबन्धीत लाभग्रीको हुनेछ ।

४.३ सम्बन्धित वडाको भुमिका

- कार्यक्रम प्रभावकारी रुपमा संचालनका लागि आवश्यक सहजिकरण गर्ने ।
- आवेदनहरुलाई संकलन गर्ने र पशु सेवा शाखामा बुझाउने ।
- कार्यक्रमको अनुगमन/निरिक्षण गर्न/गराउने ।

## परिच्छेद २

## संचालन गरिने कार्यक्रम

**५.कृषि तथा पशु सेवा कार्यक्रमको विवरण**:  वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि देहाय बमोजिमका कार्यक्रम सम्बन्धी कार्यालयबाट संचालन हुनेछन् ।

Scanned with CamScanner

| क्र.स | कार्यक्रम | मापढण्ड | संचालन गरिने कार्यक्रमका क्रियाकलाप | अनुदान रकम सिमा प्रतिशतमा |
|---|---|---|---|---|
| | विभिन्न पशुपन्छी दिवस मनाउने | • दिवसको लागि सवारी साधन, इन्धन, प्रचार प्रसार, छपाई, ब्यानर, पोष्टर, प्रदर्शनको लागि सान्दर्भिक डमी निर्माण,<br>• खाजा खर्च पुरस्कार र सम्मान, अन्तरक्रिया गोष्ठी प्राविधिक कार्यपत्र तयारी र प्रस्तुती जस्ता कार्यमा खर्च गर्न सकिने । | • दिवस सरोकारवालाको समन्वयमा सञ्चालन गर्ने,<br>• कार्यक्रममा प्रचार प्रसारको लागि चेतनामूलक पोष्टर, पम्पलेट, ब्रोसर छपाई र व्यवस्थापन गर्न सकिने। | • पालिकाले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने, |
| | उच्च नश्ल खरिद कार्यक्रम | • कम्तीमा १५ जना कृषकहरूको समूह भएको गाउँ नै उत्पादन कलष्टर हुने गरी सञ्चालन हुनु पर्ने,<br>• प्रत्यक कृषकहरुको घरमा कम्तिमा २ वट भैसी हुनुपर्ने।<br>• समूह छनौट गरी प्रत्यक समूहमा एउटा नश्ल सुधारकालागि पाडा वितरण गरिनेछ। | • उच्च नस्लका पाडा वितरण,<br>• तालिम, | • ५०% लागत साझेदारी कार्यक्रम संचालन हुने । |
| | ग्रामिण कुखुरापालन कार्यक्रम | • कार्यक्रम संचालन हुने स्थान वडा नं ६ र ७<br>• कम्तीमा १५ जना कृषकहरूको समूह भएको गाउँ नै उत्पादन कलष्टर हुने गरी सञ्चालन हुनु पर्ने,<br>• कृषि तथा पशु फर्म पनि सहभागि हुन पाउने छ ।<br>• प्रत्यक कृषकहरुको घरमा कुखुरापालनको लागि अनिवार्य खोर हुनुपर्ने र प्रत्यक कृषक यस कार्यक्रममा भाग लिन ईच्छुक हुनुपर्ने । | • उच्च नस्लका चल्ला वितरण,<br>• तालिम, | • स्वीकृत बजेट रकम रु १ लाख ।५०% लागत साझेदारी कार्यक्रम संचालन हुने । |
| | घाँसको विरुवा वितरण कार्यक्रम | • यस कार्यक्रममा गाँउपालिकाको सम्पूर्ण कृषक समवेश हुन पाउनेछन् । | • घाँस उत्पादनमा प्रयोग हुने बिरुवा खरिद तथा ढुवानी | • नि शूल्क वितरण । |

Scanned with CamScanner

| क्र.स | कार्यक्रम | मापढण्ड | संचालन गरिने कार्यक्रमका क्रियाकलाप | अनुदान रकम सिमा प्रतिशतमा |
|---|---|---|---|---|
| | भुसीया कुकुर बन्ध्याकरण | • भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,गुल्मी, पशु कल्याणमा संलग्न संस्था, सरोकारवालाहरूसँग समन्वय गरी सामुदायिक कुकुरहरूको बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• विज्ञ पशु चिकित्सक (बाह्य) सेवा लिन सकिने। | • कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च, इन्धन, औषधी तथा लोजिष्टिक, बाह्य विज्ञ आदीको लागत अनुमान स्वीकृत गरी गर्ने।<br>• अभिलेखीकरण र प्रतिवेदन। | • पालिकाले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने।<br>• वाह्य विज्ञ पशु चिकित्सकलाई विशिष्ट श्रेणी सरह दैनिक भ्रमण भत्ता पारिश्रमिक दिन सकिनेछ। |
| | कृषि तथा पशु स्वास्थ्य तालिम कार्यक्रम ,गोष्ठी | • कृषक, प्राविधिक तथा निजि पाराभेटको माग अनुसार तालिम संचालन हुनुपर्ने<br>• तालिममा सहभागि कम्तिमा २५ जना सहभागि हुनु पर्न | • कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च, इन्धन, औषधी तथा लोजिष्टिक, बाह्य विज्ञ आदीको लागत अनुमान स्वीकृत गरी गर्ने।<br>• अभिलेखीकरण र प्रतिवेदन। | • पालिकाले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने। |
| | माछा भुरा वितरण | • निम्न माछाको जात अनुसार चाहिने न्यूनतम क्षेत्रफल भएको हुनु पर्ने,<br>• मत्स्य पालन सम्बन्धी मापण्ड पुरा गरेको हुनुपर्ने<br>• माछा उत्पादन तथा बिक्री वितरण गरेको हुनु पर्ने। | • सरकारी स्रोत केन्द्रबाट शुद्ध नस्लको भुरा माछा खरिद तथा वितरण,<br>• अभिलेखीकरण तथा रिपोटिङ्ग। | • नि शूल्क वितरण गरिने । |
| | विभिन्न रोगका लागि भ्याक्सिन तथा पारिश्रमिक | • भ्याक्सिनेटरहरूको सूची तयार गर्ने,<br>• कम्तीमा ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम लिएको भेक्सिनेटर परिचालन गर्न सकिने,<br>• भ्याक्सिनेटरले खोप लगाएको संख्या पुष्टि हुनुपर्ने। | • अत्तिआवश्यक पशु भ्याक्सिन खरिद ( लम्पि स्कीन ,रेबिज र आवश्यक्ता अनुसार अन्य भ्याक्सिन )<br>• भ्याक्सिनेटरलाई पारिश्रमिक<br>• प्रचार प्रसार ,ब्यानर, ईन्धन, खाजा नास्ता | • भ्याक्सिनेटरलाई पशुमा खोप लगाएको सेवा शुल्क बापत ठूलो पशु गाई भैसीको लागि रु २० र सानो पशु बाखा भेडा का लागि रु १० र कुकुरको लागि ५० |

Scanned with CamScanner

| क्र.स | कार्यक्रम | मापदण्ड | संचालन गरिने कार्यक्रमका क्रियाकलाप | अनुदान रकम सिमा प्रतिशतमा |
|---|---|---|---|---|
| | | | | |
| | स्थानिय भेडा संरक्षण कार्यक्रम | • कार्यक्रम संचालन हुने स्थान वडा नं १,२,५<br>• व्यक्तिको हकमा कम्तिमा २५ माउ भेडा भएको हुनुपर्ने। | • स्थानिय भेडा खरिद तथा ढुवानी<br>• स्थानिय भेडा संरक्षण तालिम<br>• औषधी उपचार, परजिवि नियन्त्रण,<br>• भेडाको उन काट्न प्रयोग हुने मेसिन तथा अन्य उपकरण<br>• होर्डिङ बोर्ड, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरु<br>• उत्कृष्ट भेडापालक कृषकलाई पुरस्कार | • ५०% लागत साझेदारी कार्यक्रम संचालन हुने । |
| | कृत्रिम गर्भाधानका लागि तरल नाइट्रोजन खरिद | • तरल नाईट्रोजन राष्ट्रिय पशु पजनन कार्यालय पोखरा वा नेपालगञ्ज वा मान्यता प्राप्त नीजि सप्लायर्सबाट खरिद तथा ढुवानी गरी भण्डारण र वितरण गर्नु पर्ने।<br>• | • तरल नाईट्रोजन र सिमेन खरिद,ढुवानी, दैनिक भ्रमण भत्ता, सो संग आवश्यक सामाग्री खरिद<br>• तरल नाईट्रोजन र सिमेन भण्डारण,<br>• नाइट्रोजन भण्डारणका लागि कन्टेनर खरिद<br>• अभिलेखीकरण तथा रिपोटिङ्ग। | • पालिकाले लागत अनुमान तथा कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| | पशु औषधी खरिद | • माग अनुसार औषधी खरिद | • आवश्यक्ता अनुसार सबै वडामा औषधी खरिद तथा वितरण | • निशुल्क वितरण |
| | कृषि तथा पशु स्वास्थ्य शिविर संचालन तथा दिवस कार्यक्रम | • स्थान छनौट गर्ने<br>• माग अनुसार औषधी तथा बिउपल ,विषादी खरिद | • आवश्यक्ता अनुसार स्थान छनौट गरी औषधी तथा बिउपल , बिषादी खरिद वितरण | • निशुल्क वितरण |

Scanned with CamScanner

| स | कार्यक्रम | मापदण्ड | संचालन गरिने कार्यक्रमका क्रियाकलाप | अनुदान रकम सिमा प्रतिशतमा |
|---|---|---|---|---|
| ५ | आकस्मिक रोगबाट बाली संरक्षण | • पालिकाले कुनै क्षेत्रमा आकस्मिक रुपमा बाली तथा विरुवामा शत्रुजीवको प्रकोप देखा परेमा निदान तथा व्यवस्थापनका कार्य संचालन गर्न सकिने | • पालिकाले स्प्रेयर, जैविक तथा गौर रसायनिक विषादी, एप्रोन ग्लोब्स, चश्मा आदि प्रकोप नियन्त्रणमा प्रयोग हुने उपकरण तथा सामाग्री खरिद गरी प्रकोप व्यवस्थापन गर्ने | • नि शूल्क वितरण |
| ६ | उखु खेती प्रवर्द्धन कार्यक्रम | • कृषक/ कृषक समूह/ सहकारी/ फर्म/ कम्पनी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• कम्तिमा ५ रोपनी क्षेत्रफलमा उखु लगाएको हुनुपर्ने। | • उत्पादन, प्रशोधन र बजारीकरण सम्वन्धी कार्यहरु | • कुल लागतको अधिकतम ५० % अनुदान।<br>• बीउको ढुवानी निशुल्क गरिनेछ। |
| ७ | कृषक प्रोत्साहन कार्यक्रम | • कृषि तथा पशुपालन कृषक छनौट | • कृषि छनौट गरि अनुदान उपलब्ध गराईने ।<br>• कृषक संख्या निर्धारण गरी १०००० देखी अधिकतम ३०,००० रकम उपलब्ध गराईने । | • कुल लागतको अधिकतम ५० % अनुदान। |
| ८ | कृषि मेला प्रर्दशनी कार्यक्रम | • कार्यक्रममा प्रसार प्रसारको लागि चेतनामूलक पोष्टर,पम्पलेट,ब्रोसर छपाई,स्टल सजावट र व्यवस्थापन गर्न सकिने | • सहभागिका लागि सवारी साधन ,इन्धन , सजावटका सामाग्री ,प्रचार प्रसार,छपाई,तुल ब्यानर,पोष्टर प्रदर्शनको लागि सान्दर्भिक स्टल निर्माण<br>• व्यवस्थापन,पुरस्कार र सम्मान,अन्तर्क्रिया गोष्ठी, प्राविधिक कार्यपत्र तयारी र प्रस्तुती जस्ता क्रियाकलाप सञ्चालन गर्न सकिने | • लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने । |
| ९ | कोदो खेती प्रर्वद्धन तथा बजारीकरण कार्यक्रम | कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीले एकल वा सामूहिक रूपमा कम्तीमा १ रोपनी जग्गामा खेती गर्नुपर्ने,<br>कलष्टरमा कम्तीमा १० कृषकहरूलाई समावेश गरी कार्यालयको प्राविधिक सहयोगमा सञ्चालन गर्नुपर्ने,<br>बजारीकरणका लागि कार्यालयले समन्वय गर्नुपर्ने।<br>• कृषक सम्मान कार्यक्रम | बीउ, प्राङ्गारिक मल, शुक्ष्मतत्व,<br>सिंचाई,<br>प्रशोधन गर्ने औजार/उपकरण<br>ग्रेडिङ्ग, लेवलिङ्ग, प्याकेजिङ्ग तथा बजारीकरणमा सहयोग<br>क्षमता अभिवृद्धि तथा प्रचार प्रसार। | • कुल स्वीकृत रकम रु ५,००,०००/-<br>• कृषक/फर्म/सहकारीको हकमा मेशिनरी सामाग्रिमा कुल लागतको अधिकतम ५०% अनुदान। |

Scanned with CamScanner

| क.स | कार्यक्रम | मापदण्ड | संचालन गरिने कार्यक्रमका क्रियाकलाप | अनुदान रकम सिमा प्रतिशतमा |
|---|---|---|---|---|
| | | | | • भौतिक निर्माण कार्यमा कम्तिमा १० प्रतिशत कृषकको सहभागिता हुनु पर्नेछ ।<br>• अगुवा तथा व्यवसायिक कृषकहरुलाई सम्मान स्वरुप रु १०००० वरावर नगद रकम उपलब्ध गराउन सकिने |
| ० | टिमुर खेती प्रवर्द्धन कार्यक्रम | • कृषक/कृषक समूह/सहकारी/फर्म/कम्पनी मार्फत<br>• बगैंचा रेखाङ्कन गरी बोट देखि बोटको दुरी कम्तिमा ३ मि हुनु पर्ने ।<br>• बिरुवा लगाउने क्षेत्र टिमुर खेतिलाई अनुकुल तथा स्थलगत अनुगमन पश्चात प्राविधिकले सिफारिस गरेको हुनुपर्ने। | • बेर्ना,मल्चिङ्ग प्लास्टिक,प्राङ्गारिक मलखाद खरिद तथा ढुवानी सहयोग<br>• यन्त्र उपकरण<br>• आवश्यक तालिम,अनुगमन तथा निरिक्षण कार्यहरु । | • कुल स्वीकृत रकम रु ५,००,०००/-<br>• नि शूल्क विरुवा वितरण गरिने छ । |
| | तरकारीको बिउ बितरण कार्यक्रम | • गाउँपालिका भित्रका सम्पूर्ण घरधुरीलाई वितरण गर्ने<br>• बिउ प्याकिङ्ग ज्याला अन्तर्गत अदक्ष पारिश्रमिक बराबरको ज्याला दिन सकिने आवश्यकता अनुसार । | • बिउ खरिद,ढुवानी,प्याकिङ्ग सम्बन्धि कार्यहरु तथा बिउपल वितरण । | • सबै वडाका कृषकलाई नि शूल्क वितरण गरिने । |
| | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | • पुष्प व्यवसायी सँगको समन्वयमा सम्भाव्य स्थल, पुष्प तथा कृषक छनोट गरी कार्ययोजना कार्यालयले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। | • आवश्यक सामग्रीहरू बीउ/बेर्ना/गानो, टनेलका लागि प्लाष्टिक, सेड नेट, ईन्सेक्ट नेट आदि खरिद,<br>• पुष्प व्यवसायी संघ तथा व्यवसायीसँग अन्तरंकृया/बैठक,<br>• क्षमता अभिवृद्धि तथा अभिमुखीकरण<br>• प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी क्रियाकलापहरू, | • नि शूल्क विरुवा वितरण |

Scanned with CamScanner

| स | कार्यक्रम | मापदण्ड | संचालन गरिने कार्यक्रमका कियाकलाप | अनुदान रकम सिमा प्रतिशतमा |
|---|---|---|---|---|
| ३ | बगरखेति कार्यक्रम | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने<br>• सामूहिकरूपमा कम्तीमा ५ कठ्ठा वा एकलरूपमा कम्तीमा १ कठ्ठामा खेती गर्नुपर्ने। | • उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, प्राथमिक प्रशोधन तथा बजारीकरण सामग्रीहरू। | • कुल स्वीकृत रकम रु १,००,०००/-<br>• कृषक/फर्म/सहकारीको हकमा कुल लागतको अधिकतम ५० % अनुदान। |
| | मकै बिउ उत्पादन तथा बजारीकरण सहयोग | • उत्पादन सामाग्रिःस्रोत बिउ,सूचिकृत प्राङ्गारिक मल,विषादी,शुक्ष्म तत्व खरिद,<br>• प्याकेजिङ सामाग्री ,बिउ प्रमाणिकरण खर्च,प्रशोधन सहयोग,यन्त्र उपकरणहरु खरिद<br>• फिल्ड निरक्षण | • कृषक समूह/सहकारी/फर्म/कम्पनि मार्फत सञ्चालन गर्नुपर्ने,<br>• बिज बृद्धि कार्यक्रममा कम्तिमा ३ हेक्टर क्षेत्रफलमा बिउ उत्पादन गर्नुपर्ने,<br>• एकल वा सामूहिक वा कलस्टरमा बिउ उत्पादन गर्न सकिने,<br>• बीउ बिजन कारोबार गर्ने अनुमतिपत्र लिएको संस्था वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने,<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने । | • कुल स्वीकृत रकम रु ३,००,०००/-<br>• लागत अनुमान स्वीकृत गरी ५० प्रतिशत अनुदान रकममा कार्यक्रम संचालन गर्न सकिने। |
| | माटो परिक्षण कार्यक्रम | • आवश्यकता तथा सम्भाव्यताका आधारमा क्षेत्र छनोट गरी कार्यक्रम सञ्चालन गर्न । | • गाउँपालिका भित्रका इच्छुक कृषकहरु | • नि शूल्क माटो परिक्षण<br>• प्रचार प्रसार, चियापान, ब्यानर, स्टेशनरी व्यवस्थापन खर्च गर्न सकिने। |

Scanned with CamScanner

| स | कार्यक्रम | मापदण्ड | संचालन गरिने कार्यक्रमका क्रियाकलाप | अनुदान रकम सिमा प्रतिशतमा |
|---|---|---|---|---|
| ७ | कृषक भ्रमण कार्यक्रम | • प्रत्येक वडा बाट कम्तिमा ३ जना व्यवसायिक तथा अगुवा कृषकहरु वडा समितिले छनौट गरी नामावली कृषि शाखामा पठाउनु पर्ने । | • गाउँपालिका भित्रका इच्छुक व्यवसायिक तथा अगुवा कृषकहरुलाई बिभिन्न जिल्लाका सरकारी, निजि कृषि फर्म तथा अनुसन्धान केन्द्रमा भ्रमण गराईने । | • लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने । |
| | कृषि औजार उपकरण ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम | • यन्त्र उपकरण खरिद,<br>• वितरणको अभिलेख राखे । | • कृषक फर्म/ कम्पनि/ कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम संचालन गर्नुपर्ने ।<br>• पालिकाबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धीत कृषक फर्म/ कम्पनि/ कृषक समूह/सहकारी संस्था खरिद गर्ने । | • अधिकतम ५० प्रतिशत अनुदान । |
| | पृथ्वी मा वि कृषि कार्यक्रम | • पृथ्वी मा.वि अन्तर्गतका प्राविधिक धारका बिधार्थिहरु | • सिकाई आदान प्रदान कार्यक्रम<br>• रचनात्मक तथा प्रयोगात्मक अभ्यासहरु संचालन<br>• बाली प्रर्दशन<br>• बाली उपचार शिविर<br>• माटो परिक्षण | • लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने । |
| | आलु प्रवर्द्धन कार्यक्रम | • कम्तिमा १ हेक्टर क्षेत्रफलमा आलु खेती विस्तार गर्नुपर्ने<br>• कृषक/कृषक समूह/सहकारी फर्म कम्पनि मार्फत संचालन गर्नुपर्ने । | • वीउ खरिद<br>• सुक्ष्म तत्वहरु<br>• रोगकिरा व्यवस्थापन सामाग्रीहरु,<br>• यन्त्र उपकरण<br>• बजारीकरण-क्रेट,बोरा,प्याकेजिङ्ग सामाग्री,लेवलिङ्ग लगायत_ सहयोग ।<br>• तालिम तथा वीउ खरिद | • कुल स्वीकृत रकम रु २,५०,०००/-<br>• लागत अनुमान स्वीकृत गरी ५० प्रतिशत अनुदान रकममा कार्यक्रम संचालन गर्न सकिने। |

Scanned with CamScanner

| क.स | कार्यक्रम | मापदण्ड | संचालन गरिने कार्यक्रमका क्रियाकलाप | अनुदान रकम सिंमा प्रतिशतमा |
|---|---|---|---|---|
| १२ | च्याउ खेति कार्यक्रम | • कृषक/कृषक समूह/सहकारी फर्म कम्पनि मार्फत संचालन गर्नुपर्ने ।<br>• कार्ययोजनाका तालिम तथा विउ खरिद क्रियाकलाप अनिवार्य समावेश गर्नुपर्ने । | • वीउ खरिद<br>• सुक्ष्म तत्वहरु<br>• रोगकिरा व्यवस्थापन सामाग्रीहरु,<br>• यन्त्र उपकरण<br>• बजारीकरण-क्रेट,बोरा,प्याकेजिङ्ग सामाग्री,लेवलिङ्ग लगायत_ सहयोग ।<br>• तालिम तथा वीउ खरिद<br>• सुक्ष्म तत्व खरिद, | • कुल स्वीकृत रकम रु १,५०,०००/-<br>• लागत अनुमान स्वीकृत गरी निशुल्क वितरण गरिने छ । |
| ३ | फलफुल ज्ातका विरुवा वितरण | • कृषक/कृषक समूह/सहकारी फर्म कम्पनि मार्फत संचालन गर्नुपर्ने ।<br>• बिरुवाहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराईने । | • बिरुवा खरिद,ढुवानी,अनुगमन तथा नर्सरी बिरुवा निरीक्षण । | • कुल स्वीकृत रकम रु १,००,०००/-<br>• बिरुवाहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराईने। |
| | उन्नत मकै विउ वितरण | • कृषक/कृषक समूह/सहकारी फर्म कम्पनि मार्फत संचालन गर्नुपर्ने । | • बिउ खरिद ,ढुवानी,अनुगमन तथा निरिक्षण | • लागत अनुमान स्वीकृत गरी ५० प्रतिशत अनुदान रकममा कार्यक्रम संचालन गर्न सकिने। |
| | सुन्तला तथा किवि बगैचा व्यवस्थापन | • कृषक/कृषक समूह/सहकारी फर्म कम्पनि मार्फत संचालन गर्नुपर्ने । | • बीउ,बर्ना,बिरुवा खरिद,<br>• प्राङ्गारिक मल,विषादि,सुक्ष्म तत्वहरु आदि खरिद<br>• सिंचाईसँग सम्वन्धित यन्त्र उपकरण वा पूर्वाधार निर्माण | • ५० प्रतिशत अनुदानमा विरुवा मालखाद तथा कृषि सामाग्री वितरण र सिचाईको हकमा अधिकतम ९०% अनुदान उपलब्ध गराईने। |
| | आलुको बिउ बितरण | • वीउ खरिद ,ढुवानी | • कृषकफर्म/कम्पनि/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने । | • आलुको बिउ खरिदमा ५०% कृषकको लागत साझेदारीमा आलुको बिउ वितरण गरिने। |

Scanned with CamScanner

| स | कार्यक्रम | मापदण्ड | संचालन गरिने कार्यक्रमका क्रियाकलाप | अनुदान रकम सिमा प्रतिशतमा |
|---|---|---|---|---|
| | मौरी पालन कार्यक्रम | • कृषक/कृषक समूह/सहकारी मार्फत संचालन गर्नुपर्ने ।<br>• मौरी सहितको कम्तिमा २० घार मौरीपालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने । | • महमदानी, सुपर सहितको मौरी घार, घुम्टी, धुवादानी,रानी ढोका,क्विन केज,आहारा दानि,हाइभ टुल,पन्जा,व्रस,मह छात्ने भाडा,रानी छेक्ने पाता,आधार चाका बनाउने मेसिन खरिद ।<br>• उन्नत रानु खरिद<br>• प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित सामाग्रीहरु खरिद । | • प्रति हनुदानग्राहि कुल लागतको ५० प्रतिशत वा अधिकतम रु १ लाख अनुदान उपलब्ध गराईने। |
| | व्यवसायिक तरकारी खेतीको लागी आईरन टनेल निर्माण कार्यक्रम | • कृषक/कृषक समूह/सहकारी मार्फत संचालन गर्नुपर्ने । | • फलाम टनेलको लागत अनुमान स्वीकृत गराई कार्यक्रम संचालन गरिने<br>• अनुगमन तथा निरिक्षण | • ५० प्रतिशत अनुदान उपलब्ध गराईने। |
| | केरा खेती प्रवर्द्धन कार्यक्रम | • कृषक/कृषक समूह/सहकारी मार्फत संचालन गर्नुपर्ने । | • विरुवा खरिद ,ढुवानी, अनुगमन तथा निरिक्षण | • ५० प्रतिशत अनुदान उपलब्ध गराईने। |
| | बुद्ध चित्त | • वडा नं.२ का ईच्छुक कृषकहरु<br>• प्रत्येक कृषकहरुले जग्गा छनौट गरी खाडल खनेको हुनुपर्ने । | • बिरुवा बितरण तथा ढुवानी | • ७५ प्रतिशत अनुदानमा बिरुवा बितरण । |

Scanned with CamScanner

## परिच्छेद ३

## कर्यक्रम संचालन प्रकृय

**६. प्रस्ताव माग :**

पालिकाले कम्तिकमा १५ दिनको म्याद राखि अनुसुचि १ बमोजिम आवेदनको लागि सुचना प्रकाशन गर्नेछ। उक्त सुचना पालिका तथा सबै वडा कार्यालयको सुचना पाटीमा ठाँस गर्नु पर्नेछ ।

**७. प्रस्ताव पेश:**

दफा ६ बमोजिम सुचना अनुसार परिच्छेद २ मा उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले कार्यालयमा प्रस्तव पेश गर्दा अनुसुची २ बमोजिमको ढाँचामा प्रस्ताव आह्वान गरेको अन्तिम मिती भित्र अनुसुची ३ बमोजिम पेश गर्नु पर्नेछ ।

लागत सहभागितामा अनुदान कार्यक्रम संचालनको हकमा अनुसुची ८ बमोजिमको ढाँचामा प्रतिवद्धता सहित पेश गर्नुपर्नेछ ।

**८. प्रस्ताव मुल्याङ्कन र सिफारिस**

१. दफा ७ बमोजिम पेश भएका प्रस्तावहरु सम्बन्धित शाखाले कम्पाइल गरी मुल्याङ्कन तथा छनौट समितिमा पेश गर्नेछ ।
२. यसरी पेश भएका प्रस्तावहरु तथा निवेदनहरुको तथ्यगत प्रमाणीकरणका लागि कार्यालयले आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ ।
३. उपदफा २ बमोजिमको स्थलगत प्रमाणिकरण सहित अनुसुची ६ बमोजिमको प्रस्ताव मुल्याङ्कनको आधारमा प्राथमिकता क्रम तयार गरी दफा ५ बमोजिमको कार्यक्रम स्वीकृतिको लागि सिफारिस गर्नुपर्ने छ। त्यसरी स्वीकृत गर्दा सम्भव भए सम्म बैकल्पिक सेवाग्राही सहित स्वीकृत गर्नुपर्नेछ ।
४. उपदफा ३ बमोजिमको छनौट भएका वा वैकल्पिक सुचीमा परेका प्रस्ताव तथा निवेदनहरु प्राथमिकताका आधारमा राख्नुपर्ने छ ।
५. यसरी छनौट भएका प्रस्तवहरु मुल्याङ्कन तथा समितिले स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ र प्रमुख प्रशासाकीय अधिकृत बाट स्वीकृत भए पश्चात कार्यक्रम संचालनमा ल्याइने छ ।

**सम्झौता प्रकृया**

१. छनौट भएका निवेदन तथा प्रस्तावहरुलाई कम्तिमा ७ दिनको म्यादन दिइ सम्झौताका लागि सुचना दिनुपर्ने छ ।
२. उपदफा १ बमोजिम प्रस्तावकले पेश गरेको क्रियाकलाप र कार्ययोजना संचालनको लागि पालिकाले छलफलका आधारमा संसोधन सहित्त अनुसुची ४ बमोजिम ढाँचामा सम्झौता गर्नुपर्ने छ ।
३. दफा ८ बमोजिम छनौट भएका निवेदन तथा प्रस्तावहरु तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा वैकल्पिक लाभग्राहीलाई सम्झौताको लागि सुचित गरिनेछ । वैकल्पिक सुचीको लाभग्राही पनि पनि सम्झौता वा कार्यक्रम संचालन गर्न सम्भव नभएमा पुर्न सुचना प्रकाशन गरी संचालन गर्न सकिनेछ ।

## परिच्छेद ४
## भुक्तानी प्रकृया

### १०. भुक्तानी प्रकृया

१. पालिकाले कार्यक्रम संचालन गर्दा खरिद सम्वन्धी प्रकृया प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।
२. लाभग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार संचालत भएका क्रियाकलापहरुको सक्कल बिल भरपाई संकग्न राखि भुक्तानी माग गर्नेपर्ने छ ।
३. भुक्तानी माग भएपछि पालिकाले तोकेको प्राविधिकबाट कार्य सम्पन्नताको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि लाभग्रहीको बैंक खाता मार्फत एकमुष्ट भुक्तानी गरिनेछ ।
४. भुक्तानी माग भएपछि कार्यालयले तोकेको प्राविधिकवाट कार्य सम्पन्नताको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने छ ।पशुपंक्षीपालक कृषकका लागि अनुदान कार्यक्रममा पशु खरिद गरी विल भरपाई पेश गरे पश्चात् एकमुष्ट भुक्तानी गरिनेछ । भेडाको खोर निर्माणको हकामा इस्टिमेट र मुल्याङ्कनका आधारमा कार्यक्रम समपन्न भए पश्चात एकमुष्ट भुक्तानी गरिनेछ ।कार्यक्रमको भुक्तानी प्रकृया नियमानुसार सम्झौता वमोजिम हुनेछ ।

## परिच्छेद ५
## विवध

### ११. अनुगमन तथा मुल्याङ्कन

१. संचालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्वन्धमा सम्बन्धित शाखा वा गाँउपालिकाको अनुगमन समितिले अनुगमन गर्नु पर्नेछ ।
२. लाभग्राहीले अनुदानबाट संचालित परियोजनाको प्रगति वार्षिक रुपमा कार्यालयमा बुझाउनु पर्नेछ ।
३. यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको कार्यान्वयन पश्चात् कार्यालयले कार्यक्रमका पुर्व निर्धारित उद्धेश्य र प्राप्त उपलब्धीहरुको प्रभावकारी मुल्याङ्कन गर्ने छ ।
४. दफा १३ बमोजिमको मुल्याङ्कन तथा छनौट समिति तथा गाँउपालिकाको अनुगमनका आभारमा

Scanned with CamScanner

कार्यक्रम मूल्याङ्कन गरिने छ ।

१२. मुल्याङ्कन तथा छनौट समिति

प्रस्ताव आह्वान गर्दा तोकिएको मापदण्ड पुरा गरे नगरेको सम्वन्धमा मुल्याङ्कन गरी छनौट सिफारिस गर्नका लागि देहाय बमोजिमको मूल्याङ्कन तथा छनोट समिति रहने छ । उक्त समितिले आवश्यकता अनुसार सम्बन्धीत शाखाका अन्य प्राविधिकहरुलाई परिचालन गरी मुल्याङ्कन गर्न सक्नेछ ।

मुल्याङ्कन तथा छनौट समिति

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी | संयोजक |
| प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य |
| आर्थिक विकास शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |

मूल्याङ्कन तथा छनौट समितिले मापदण्ड पुरा भएका आवेदन/प्रस्तावहरुको छनोटको सुची तयार गरी मादण्ड अनुसार छनोट गरी स्वीकृतिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिनेछ । प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तावहरु स्वीकृत भएपछि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१३. सेवा सुविधाबाट वञ्चित गर्न सकिनेः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान दुरूपयोगहिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको , प्रमाणित हुन आएमा कार्यालयले प्रचलित कानूनले तोकेबमोजिम कार्वाही प्रक्रिया अगाडि बढाइनेछ।

१४. संशोधन :पालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

१५. बाधा अड्काउ फुकाउः यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

Scanned with CamScanner

अनुसुचीहरु

## अनुसुचीहरु १

### दफा ६ संग सम्बन्धित

### पशुपन्छी विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आहान सम्बन्धी सुचनाको ढाँचा

यस गाँउपालिकाको आ व २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु अनुदानमा संचालित गर्नुपर्ने भएकोले इच्छुक कृषक/ कृषक समूह/कृषि फर्म/सहकारी संस्थाको तर्फबाट दरखास्त आह्वानका लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशन भएको मितिले तपसिलका कागजात सहित १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन दिनुपर्नेछ ।

आवश्यक कागजातहरु

- अनुसुचि २ बमोजिमको आवेदन फारम
- नेपाली नागरिकता
- अन्य कागजात

## अनुसुची २

दफा ७ संग सम्बन्धित

## कार्यक्रमको निवेदनको ढाँचा

मिति

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
मदाने गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय, पुर्कोटदह, गुल्मी

विषय

प्रस्तुत विषयमा मदाने गाँउपालिकाको पशु सेवा शाखाबाट मिति गते सुचना प्रकाशित भए अनुसार कार्यक्रम संचालनका लागि सुचनामा उल्लेखित कागजातहरु संलग्न गरी यसै निवेदन साथ पेश गरेको ब्यहोरा अनुरोध गर्दछ ।

संलग्न कागजातहरु

निबेदन

नागरिकताको प्रमाणपत्र

सम्बन्धीत वडा कार्यालयको सिफारिस

अन्य कागजातहरु

निवेदक

नाम

ठेगाना

हस्ताक्षर

**अनुसुची ३**

**दफा ९ को उपदफा १ संग सम्बन्धित**

**सम्झौता**

**आर्थिक वर्ष ............/........ मा सञ्चालन हुने ...................... कार्यक्रमको लागि मदाने गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय, पुर्कोटदह, गुल्मी (यस प्रथम पक्ष भनिने) र छनोट भएका कृषक/समूह/समिति/सहकारी श्री ............................ (यस प्रथम पक्ष भनिने बीच मिति २०......./..../.... गते तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता गरी लियौं/दियौं।**

**सम्झौता सर्तहरु**

१. यो सम्झौता भएको मिति .......................... देखि मिति ............................... सम्म लागू हुनेछ।

२. कार्यक्रमको लागि विनियोजित भएको रकम रु ............. (अक्षररुपी .............) प्रथमपक्षले ब्यहोर्ने रकम ................ र बाँकी रकम रु .................. दोश्रो पक्षले नगद वा लागत सहभागित जुटाउन पर्ने। विनियोजित भएको रकममा नियमानुसार कर कट्टी गरी भुक्तानी हुनें छ। दोस्रो पक्षले आफ्नो लगानीबाट सम्पन्न भएको कामको बिल/भरपाई, जिन्सी सामग्री दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्ने छ।

३. दोस्रो पक्षले भुक्तानी माग गरेपछी प्रथम पक्षले प्राविधिक तोकि कार्यको प्रगतिं अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि कार्य प्रगतिको आधारमा भुक्तानी गर्नेछ। कार्य सम्पन्न भई भुक्तानी भएंमा सम्झौता बमोजिमका संरचना/सामग्रीहरू दोस्रो पक्षलाई स्वतः हस्तान्तरण हुनेछ।

४. दोस्रो पक्षले स्वीकृत कार्ययोजना अनुसारको सवै प्राविधिक कार्यहरू तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि कार्य गर्नुपर्ने छ। सम्झौता बमोजिम निर्धारित समय भित्र कार्य सम्पन्न नगरेमा प्रथम पक्षले भुक्तानी गर्ने छैन।

५. द्विपक्षिय सम्झौता बमोजिमको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने छ र सुधार नदेखिए एक पक्षिय रूपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

६. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेख गरी तोकिएको ढाँचामा सबैले देख्ने स्थानमा होडिङ बोर्ड राखुपर्ने छ।

७. सम्झौतामा उल्लेखित कुनै बुँदाहरू कार्यान्वयनमा दुबिधा उत्पान्न भई परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी समझदारीमा सम्झौताको अवधि नसकिदै गर्न सकिने छ। त्यसरी परिमार्जन गर्दा कार्यक्रम सञ्चालन स्थान र कार्यालयको रकम परिवर्तन गर्न पाईने छैन।

*नोटः कार्यालयले सम्झौताका बुँदाहरू आवश्यकता अनुसार थप गर्न सक्नेछ।*

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
| --- | --- |
| नामः | नाम : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

Scanned with CamScanner

**रोहवर**

नामः

पदः

दस्तखतः

मितिः

**रोहवर**

नाम :

पदः

दस्तखतः

मितिः

इतिसम्वत् ...... ... ...... साल ... ...... महिना ...... गते रोज ...... शुभम

अनुसूची-५

(दफा ११ को उपदफा ९३० सँग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कनका आधारहरू

### क (प्रस्ताव मूल्याङ्कनका आधारहरू) प्रारम्भिक मूल्याङ्कन

सूचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नंपुगेको आधारमा पालिकाले योग्यता पुगेका प्रस्तावहरूलाई मात्र स्थलगत मुल्याङ्कनको लागि छनोट गर्नुपर्ने।

### ख (प्रस्ताव मूल्याङ्कनका आधारहरू) स्थलगत निरीक्षण मूल्याङ्कन(

जिल्लाः गुल्मी

आवेदक संस्थाको नामः

सम्पर्क व्यक्ति र नम्बरः

प्रस्तावित कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

मूल्याङ्कन फाराम (पशुपन्छीतर्फ)

| क.सं | विवरण (सूचक) | भार | प्रासाङ्ग | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थानमा भौतिक पूर्वाधारको उपलब्धता | १० | | • बिद्युत, सडक, पानीको सुविधा भएको=१०<br>• बिद्युत, सडक सुविधा भएको= ८<br>• सडक सुविधा भएको= ५<br>• केही नभएको=० |

| | | | | |
|---|---|---|---|---|
| २ | भौगोलिक/प्राविधिक उपयुक्तता | ५ | | • प्रस्तावित बाली/वस्तु व्यावसायिकरुपमा गत विगत देखि नै पालन भैरहेको क्षेत्र = ५<br>• मशुपन्छी पालन गर्न नयाँ प्रस्ताव= २ |
| ३ | उत्पादित वस्तुको बजार योजना | १० | | • आफ्नै पहलमा उत्पादित वस्तुहरूको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको)= १०<br>• उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने तर आफ्नै आउटलेट नभएको= ८<br>• सम्झौता पनि नभएको, अनौपचारिक बजारीकरण भएको= ५ |
| ४ | रोजगारी श्रृजना | १५ | | • ५ जना भन्दा वढी थप रोजगारी श्रृजना हुने = १५<br>• ३ देखि ५ जना थप रोजगारी श्रृजना हुने= १०<br>• १ दखि २ जना थप रोजगारी श्रृजना हुने =५ |
| ५ | आर्थिक पक्ष तथा साझेदारी लगानी क्षमता | १० | | • आफ्नै (ब्यक्ति/संस्था) नगद ब्यालेन्स रहेको = १०<br>• वित्तिय संस्थाबाट ऋण लिने= ८<br>• समुदायमा संकलन गरी जुटाउने= ५<br>• लगानी क्षमता नभएको = ० |
| ६ | सम्वन्धित विषयमा अध्ययन/तालिम वा बैदेशिक रोजगारीका बखत काम गरेको अनुभव | ५ | | • अध्ययन/तालिम/बैदेशिक रोजगारीका वखत सम्वन्धित काम गरेको कागजात रहेको= ५<br>• विगत ३ वर्षदेखि सम्वन्धित उद्देश्य सहितको संस्था दर्ता गरी कार्य सञ्चालन गरिरहेको= ३<br>• नभएको=० |
| ७ | समावेशीता (दलित, जनजाती, मुक्त कमैया, अल्पसंख्यक, कमलहरी, मधेशी, पिछडा वर्ग, विपन्न, मुस्लिम, महिला आदि) | ५ | | • समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ७५% वा वढी भएमा = ५<br>• समावेशीतामा तोकिएका वर्ग/समूदायको प्रतिनिधित्व कुल लाभग्राहीको ५१-७५% भएमा= ४<br>• समावेशीतामा तोकीएका वर्ग/समूदायको प्रतिनिधित्व कुल लाभग्राहीको २६-५०% भएमा= ३<br>• समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको २५% वा कम भएमा = १०<br>• व्यक्तिगत प्रस्तावकको हकमा समावेशीतामा तोकिएको वर्ग/समुदाय=५ |

| | | | | |
|---|---|---|---|---|
| ८ | अनुदानमा पहुँच | ५ | | • हालसम्म अनुदान प्राप्त नगरेको = ५<br>• विगतमा अनुदान प्राप्त गरेको = ० |
| ९ | वातावरणीय प्रभाव व्यवस्थापन | ५ | | • सरसफाई व्यवस्थापन गर्ने व्यवस्था रहेको=५<br>• सरसफाई व्यवस्थापन गर्ने प्रस्ताव गरेको=३<br>• सरसफाई व्यवस्थापन नगरेको र प्रस्ताव पनि गरेको=० |
| | कुल | ७० | | |

*नोटः मूल्याङ्कन मापदण्डको कुल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरूलाई मात्र प्राथमिकिकरण सूचीको आधारमा छनोट गर्न सकिनेछ।*

अनुसूची-६

(दफा १२ को उपदफा ९२० सँग सम्बन्धित)

**दोहोरो अनुदान नलिएको स्वःघोषणा**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू

.........................................

.........................................।

मदाने गाँउपालिकाको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार/प्रदेश सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट उपलब्ध गरिने रकम/सामग्री/उपकरण/अन्य वस्तु लिन इच्छुक रहेकोले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह वा अन्य निकायबाट उपलब्ध गरिएको रकम/सामग्री/उपकरण/अन्य वस्तु मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको स्वःघोषणा गर्दछु। यदि मैले लिएको प्रमाणित भएमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारी वा कम्पनीको सम्पत्तिबाट नियमानुसार व्यक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

हस्ताक्षरः

नामथरः.............................

ठेगानाः..............................

सम्पर्क नं........................... .

ईमेलः...............................

सस्थाक

३. मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा नयाँ मौरी पकेट विकास कार्यक्रम मदाने गाउँपालिका वडा नं. ४ को समूह/सहकारीमा सूचना निकाल्ने र छिमेकी वडालाई समेत सहभागी गराउने र मौरी प्रवर्द्धन कार्यक्रमको लागि मदाने गाउँपालिका वडा नं. ६ र वडा नं. ७ को लागि सूचना निकाल्ने निर्णय सर्व-सम्मत गरियो।

४. मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित बजेट कोदो खेती प्रवर्द्धन कार्यक्रमको लागि पालिकाभर सूचना निकाल्ने र प्रत्येक वडाबाट धेरै कोदो उत्पादन गर्ने १/१ जना कृषक छनौट गरि पठाउने निर्णय सर्व-सम्मत गरियो।

५. मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित बजेट बगरखेती प्रवर्द्धन कार्यक्रमको लागि पालिकाबाट सूचना निकाल्ने निर्णय सर्व-सम्मत गरियो।

६. मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित बजेट कृषक भ्रमण कार्यक्रमको लागि माघ महिनाको पहिलो हप्तामा प्रत्येक वडा बाट ३/३ जनाको दरले कृषक छनौट गरि भ्रमण लैजाने निर्णय सर्व-सम्मत गरियो।

७. मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा माटो परिक्षण शिविर संचालन प्रत्येक वडामा सूचना प्रवाह गरि माटो परिक्षण गर्ने व्यवस्था मिलाउने निर्णय सर्व-सम्मत पारित गरियो ।

८. मदाने गाउँपालिका वडा नं. २ अग्लुङ्गमा रहेको अग्लुङ्ग माध्यमिक विद्यालयको भवन पुरानो र जिर्ण भएको हुँदा त्यसलाई भत्काइ पुनर्निर्माण गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

Scanned with CamScanner

९. मदाने गाउँपालिका वडा नं. ४ म्यालपोखरीमा रहेको म्यालपोखरी माध्यमिक विद्यालयको भवन पुरानो र जिर्ण भएको हुँदा त्यसलाई भत्काउन अनुमति प्रदान गरेको निर्णय सर्व-सम्मत पारित गरियो ।

१०. मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित बजेट रु तिन लाखको जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत प्रत्येक वडामा बराबरीका हिसाबले बलाङ्केट खरिद गरि वितरण गर्ने निर्णय सर्व-सम्मत गरियो।

११. मदाने गाउँपालिका कार्यपालिकाको बैठक संख्या ०४ (आ.व. २०८०/०८१) को मिति २०८१/०७/०४ गतेको कार्यपालिका बैठकले गरेका सम्पुर्ण निर्णयहरुमा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको मतैक्यता रहेको, कुनै पनि बुदाँमा असहमति नरहेको र सम्पूर्ण निर्णयहरु सर्व-सम्मत पारित गरेको व्यहोरा निर्णय गरियो ।

Scanned with CamScanner